जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १५७ पृष्ठः ४ | २०८२ असोज २६ गते आइतबार (Sunday 12 Oct. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

# नेपाल–भारत सीमा क्षेत्रको स्थलगत अनुगमन

सिरहा, २५ असोज। जिल्ला सुरक्षा समिति सिरहाले आज नेपाल–भारत सीमाको विभिन्न नाकाको स्थलगत अनुगमन गरेको छ। प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार अनुगमन टोलीले कमलानदीको पटहरवा हुँदै माडर, २ नम्बर गेट, बुधौरा, लकडीगोठ, गढियानी, सोरहवा, इटायर, भट्टीमोड र गागल खोलासम्मको सीमा क्षेत्र अवलोकन गरेको हो। उनले सीमा स्तम्भहरूको अवस्था, नाकामा हुने तस्करी तथा आपराधिक गतिविधिको सम्भावना र सुरक्षाकर्मीहरूको परिचालन अवस्थाबारे स्थलगत जानकारी लिइएको बताए।





यसक्रममा, माडर वसपार्क क्षेत्रमा भइरहेका अनैतिक गतिविधि रोक्नका लागि आवश्यक कदम चालिने र मट्टीमोड क्षेत्रमा भएको दशगजा अतिक्रमण सात दिनभित्र हटाउन सम्बन्धित पक्षलाई भनिएको प्रजिअ अधिकारीले जानकारी दिए। “सीमामा सुरक्षालाई थप प्रभावकारी बनाउने र अवैध क्रियाकलाप नियन्त्रणमा ल्याउने उद्देश्यले अनुगमन गरिएको हो। खटिएका सुरक्षाकर्मीको मनोबल बढाउनु र स्थानीय तहसँग सहकार्य गर्नु हाम्रो प्राथमिकता हो। सोही अनुरुप बाँकी स्थानको नियमित अनुगमनको प्रक्रिया जारी रहने छ”, प्रजिअ अधिकारीले भने।

साथै, अनुगमनका क्रममा सीमामा खटिएका सुरक्षाकर्मीहरूसँग तस्करी तथा अपराध नियन्त्रणसम्बन्धी छलफल गरिनुका साथै स्थानीय बासिन्दासँग अन्तरक्रिया गरिएको थियो। सीमा क्षेत्रमा सुरक्षाको उपस्थिति थप सशक्त बनाइनुपर्ने स्थानीयले माग गरेका छन्।

# गोलबजारमा हुने कन्सर्ट जिल्ला प्रशासनले रोके



सिरहा २५ असोज। जिल्ला प्रशासन कार्यालय सिरहाले गोलबजारमा आयोजना गर्न लागिएको कन्सर्ट कार्यक्रम तत्काल रोक्न निर्देशन दिएको छ। सुरक्षा संवेदनशीलताको कारण सो कार्यक्रम सञ्चालनमा रोक लगाइएको हो। गोलबजार नगरपालिकाले अनुमति दिएपनि हालको सुरक्षा अवस्थाको मूल्याङ्कनका आधारमा कार्यक्रम रोक्न आदेश दिइएको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले हस्ताक्षर गरेको पत्रमा

**–बाँकी दुई पेजमा**

# तीन वर्षमा पन्ध्र हजार भन्दा बढीको आँखा उपचार

**जीवछ यादव**

लहान, २५ असोज। सगरमाथा चौधरी आँखा अस्पताल लहानले तीन वर्षमा लहान नगरपालिकाको पन्ध्र हजार बिरामीको उपचार गरेको जनाएको छ। “दियोमुनि अँन्ध्यारो रहनु हुँदैन” नारासाथ लहानमा यो अभियान चलाइएको छ। लहान नगरपालिकाको आर्थिक सहयोगमा अन्धोपन निवारण कार्यक्रम अन्तर्गत पन्ध्र हजारभन्दा बढीको आँखा उपचार र दुई हजारभन्दा बढीको मोतियाबन्दुको शल्यक्रिया गरिएको अस्पतालको प्रमुख प्रशासक अभिषेक रोशनले जानकारी दिनुभयो।

यस वर्षको लहान नगरपालिकामा आँखा शिविर धार्मिक पर्यटकीयस्थल लहान –१५ बाट तीन दिनअघि सुरु गरिएको थियो। शिविरमा ३०१ जनाको आँखा जाँचगर्दा ९६ जनामा



मोतियाबिन्दुको बिरामी फेला परेको शिविरका टोली प्रमुख राजकुमार यादवले बताउनुभयो। उहाँको अनुसार ५० जनाको शल्यक्रिया सम्पन्न भएको र ४६ जनाको शल्यक्रिया आज गरिदै छ। लहान नगरपालिकाको २४ वटै वडाहरुमा सञ्चालन गरिने शिविरबाट मोतियाबिन्दुको शल्यक्रिया गराउनु पर्ने बिरामीहरुको शल्यक्रिया गराएर आर्थिक अवस्था कमजोर भएका सबै उमेर समूहका नगरवासीहरुलाई आँखासम्बन्धी निःशुल्क उपचारका लागि लहान नगरपालिकाले बजेट विनियोजन गरेर तीन वर्षदेखि शिविर चलाउँदैआएको छ।

लहान नगरपालिका अभिभावकत्वको भूमिका खेलेकोमा आँखाको शल्यक्रिया गराएर संसार हेर्ने दृष्टि दिएको ६५ वर्षिय निरसी पासवानले खुसी साट्नुभयो। उहाँले भन्नुभयो, “गरीव दलितमा मानवीय सङ्कट

**–बाँकी दुई पेजमा**



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## खाद्य गुणस्तरमा ध्यान दिऔं ।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं, अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं, खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## नगरपालिकाको सहयोगले पुनः सञ्चालनको आशा

जेनजी आन्दोलनका क्रममा मुलुकका विभिन्न स्थानमा देखिएको तोडफोड र हिंसात्मक गतिविधिले जनताको सेवा प्रवाह गर्ने सार्वजनिक सम्पत्तिमा गम्भीर क्षति पुऱ्याएको छ। विशेषगरी सिरहा जिल्लाको लहान नगरपालिकामा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय समेत यस्तै हिंसाको शिकार बन्न पुगेको छ। कार्यालयको गोदामबाट खाद्यान्न लगायतका सामग्री तथा उपकरण र सवारी साधनमा करिब दश करोड रुपैयाँ बराबरको क्षति भएको छ।

यस अवस्थालाई पुनः सञ्चालनमा ल्याउन लहान नगरपालिकाले गरेको सहयोग प्रशंसनीय छ। प्रमुख महेशप्रसाद चौधरीद्वारा एक थान कम्प्युटर, एक थान प्रिन्टर, दश थान कुर्सी, चार थान टेबुल तथा चार थान प्लास्टिक टेबुल प्रदान गर्नु पुनर्निर्माणप्रतिको एक सानो तर सकारात्मक पहल हो। यो कार्यले स्थानीय सरकारको संवेदनशीलता र जिम्मेवारीबोधलाई देखाउँछ। साथै, यसले जनसेवा पुनः सुचारु गर्न सघाउनेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

तर प्रश्न उठ्छ—किन यस्ता आन्दोलन हिंसात्मक रूप लिन्छन? आन्दोलनको अधिकार लोकतन्त्रको मेरुदण्ड हो तर सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने शैली लोकतान्त्रिक आचरण होइन। सरकारी कार्यालयहरु—जसले सर्वसाधारणलाई सेवा दिन्छन उनीहरुकै सेवाबाट वञ्चित हुने अवस्था सिर्जना हुनु दुर्भाग्यपूर्ण हो। सिरहा जिल्लाका १७ वटै पालिकामा सरकारी सम्पत्तिमा एक अर्बभन्दा बढी बराबरको क्षति भएको तथ्याङ्क जिल्ला प्रशासन कार्यालयमार्फत सार्वजनिक भएको छ, जुन अत्यन्त चिन्ताजनक छ।

यस घटनाले हामीलाई दुईवटा गम्भीर सन्देश दिन्छ। पहिलो, नागरिक आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिको सुरक्षामा राज्यको कमजोरी प्रस्ट देखिन्छ। आन्दोलनकारीको नाममा अपराध गर्ने प्रवृत्तिमाथि तत्काल नियन्त्रण गर्ने संयन्त्र कमजोर देखिएको छ। दोस्रो, यस्ता घटनापछि राज्यले क्षतिको मूल्याङ्कन, जिम्मेवार व्यक्तिको पहिचान र क्षतिपूर्ति व्यवस्थापनको सुनिश्चितता गर्न सकेको छैन। सार्वजनिक सम्पत्ति नष्ट गर्ने क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउनु अत्यावश्यक छ।

साथै, सरकारले सार्वजनिक कार्यालयहरुको डिजिटल अभिलेखीकरण र सुरक्षाका लागि वैकल्पिक उपायहरू अपनाउनु पर्नेछ। आज पनि धेरै सरकारी कार्यालयहरु कागजी कागजातमा भर परिरहेका छन्, जसका कारण एकचोटि क्षति भएपछि सेवा प्रवाहमा लामो समय लाग्छ। स्थानीय सरकारको सहयोग सराहनीय भए पनि यस्ता घटना दोहोरिन नदिन कानूनी र सुरक्षात्मक संयन्त्र मजबुत बनाइनु आवश्यक छ। हिंसात्मक गतिविधिलाई कानुनी रूपमा निषेध गर्दै नागरिकलाई शान्तिपूर्ण तर प्रभावकारी तरिकाले आफ्नो आवाज उठाउने संस्कारमा प्रोत्साहित गर्नुपर्छ। राज्य, नागरिक र सरोकारवालाबीचको संयोजनले मात्र यस्तो दुर्घटनाबाट उत्पन्न क्षतिलाई न्यून गर्न सकिन्छ।

सारमा, पुनर्निर्माण त आजको आवश्यकता हो तर यस्तो क्षति पुनः नहोस् भन्नु दीर्घकालीन सोच र व्यवस्थापनको विषय हो। त्यसका लागि सरकार, प्रशासन, राजनीतिक दल र जनसमुदाय सबैको साझा उत्तरदायित्व आवश्यक छ।

### तीन वर्षमा ...

आउँदा राहत लिएर आइपुग्ने लहान नगरप्रमुख महेशप्रसाद चौधरी आँखाको उपचार गराएर नयाँ जीवन दिएकोमा शुभआशीर्वाद दिन चाहन्छु।''

नेपालमा ७० लाख आँखाको विरामीहरु मध्ये एकलाखको शल्यक्रिया गर्नुपर्ने आवश्यक देखिएको अवस्थामा सगरमाथा चौधरी आँखा अस्पताल लहानले केही वर्षमा नै नेपाल र भारतका गरी दुई करोडको उपचार र २५ लाखको शल्यक्रिया गरेर नयाँ रेकर्ड कायम गर्न लागेको अस्पतालका अध्यक्ष रविन्द्रलाल चौधरीले जानकारी दिनुभयो।

### गोलबजारमा हुने...

उल्लेख छ। प्रशासनले जनताको सुरक्षा र शान्ति–सुरक्षालाई प्राथमिकता दिँदै आयोजकलाई कार्यक्रम नगर्न निर्देशन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जनाए।

# नेपालको जेन–जी आन्दोलन र राजनीतिक रूपान्तरणको माग

**वासुदेव गौतम**

सन् २०२५ को सेप्टेम्बर महिनामा नेपालले अभूतपूर्व राजनीतिक हलचलको सामना गऱ्यो। सरकारी शक्तिको दुरुपयोग र संस्थागत भ्रष्टाचारविरुद्ध नयाँ पुस्ताका युवाले आह्वान गरेको आन्दोलनले देशभर ठूलो प्रभाव पारेको थियो। "जेन–जी प्रदर्शन" भनेर चिनिएको यो आन्दोलन सुरुमा सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धविरुद्धको असन्तोषका रूपमा थालिएको भए पनि छोटो समयमा नै यसले नेपालको राजनीतिक संरचनामाथि गहिरो प्रश्न उठायो। थोरै समयभित्रै यो आन्दोलनले कैयौंको ज्यान लियो, करोडौँको सम्पत्ति नष्ट गऱ्यो र अन्ततः प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा समेत गरायो।

नेपालको इतिहासमा यो क्षण व्यक्तिहरूप्रतिको असन्तोषमात्र नभई एउटा पुस्ताको व्यवस्थागत राजनीतिक सुधार र नयाँ शासकीय संस्कृतिको माग हो जसले लामो समयदेखि भ्रष्टाचार र आर्थिक जडतालाई निरन्तरता दिँदै आएको छ। नेपालको राजनीतिक नेतृत्व र २५ वर्षको मध्य उमेर समूहबीचको गहिरो विभाजन यस आन्दोलनले उजागर गऱ्यो। दक्षिण एसियाका अन्य मुलुकहरूमा भन्दा बढी सामाजिक सञ्जाल प्रयोगकर्ता (करीब ४८ प्रतिशत नेपाली) रहेको तथ्यले डिजिटल पुस्ता एकैचोटि संगठित हुन र सरकारलाई चुनौती दिन सक्षम भएको देखायो।

सेप्टेम्बर २०२५ का घटनाहरूले नेपाललाई अब राजनीतिक जवाफदेही, आर्थिक अवसर र शासन संरचनाको पुनर्विचारको निर्णायक मोडमा पुऱ्याएको छ। जेन–जी आन्दोलन दुई प्रमुख कारणबाट भड्किएको थियो — दीर्घकालीन भ्रष्टाचार र सरकारद्वारा सामाजिक सञ्जालमाथिको अचानक प्रतिबन्ध। भ्रष्टाचारका मुद्दाहरू विशेषगरी "नेपो किड्स" अर्थात् राजनीतिक ठूला व्यक्तिका सन्तानले प्रदर्शन गरेको विलासी जीवनशैलीका विषयमा सामाजिक सञ्जालमा फैलिएको प्रवृत्तिबाट तीव्र रूपमा चर्चामा आए। साधारण नेपाली नागरिकको वार्षिक आम्दानी करिब १ हजार ४ सय अमेरिकी डलरमात्र हुँदा राजनीतिक परिवारका सन्तानहरूको ऐसआरामले देशमा गहिरो आर्थिक असमानता झल्कायो। प्रत्यक्ष कारण भने सेप्टेम्बर ४, २०२५ मा सरकारद्वारा फेसबुक, एक्स (पूर्व ट्विटर), युट्युब र ह्वाट्सएपसहित २६ सामाजिक सञ्जाल प्लेटफर्महरू बन्द गर्ने आदेश जारी गर्नु रह्यो। सरकारका अनुसार यो कदम "भ्रम फैलाउने सूचना, ठगी र घृणास्पद अभिव्यक्ति रोक्न" आवश्यक थियो। तर आलोचकहरूले यसलाई विशेषगरी "नेपो किड्स" प्रवृत्तिको फैलिँदै गएको आलोचनालाई रोक्न असहमतिको स्वर दबाउने प्रयासका रूपमा लिए। यस प्रतिबन्धले युवापुस्तालाई विशेषरूपमा आहत गबनायो। किनभने २० प्रतिशत बेरोजगारी दरका बीच उनीहरूमध्ये कतिपयले सामाजिक सञ्जाललाई आम्दानीको स्रोतका रूपमा प्रयोग गर्दै आएका थिए।

**सेप्टेम्बर ८ : शान्तिपूर्ण प्रदर्शन रक्तपातमा परिणत**

यो आन्दोलनको सुरु गैरसरकारी संस्था 'हामी नेपाल'ले गरेको शान्तिपूर्ण प्रदर्शनबाट भयो जसले विगतमा भूकम्प पीडितका लागि राहत कार्यमासमेत अग्रणी भूमिका खेलेको थियो। काठमाडौँको माइतीघर मण्डला र संघीय संसद् भवन परिसरमा हजारौँ विद्यार्थी र युवाले विद्यालय तथा विश्वविद्यालयको पोसाकमै सडकमा उत्रिँदै भ्रष्टाचार र सामाजिक सञ्जालमा प्रतिबन्धविरुद्ध प्रदर्शन गरे। तर प्रारम्भको शान्तिपूर्ण प्रदर्शनले चाँडै नै हिंसात्मकरूप लिन पुग्यो जब सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरे। प्रदर्शनकारीहरू संसद् भवनतर्फ प्रवेश गर्न खोज्दा प्रहरीले अश्रुग्यास, पानीका तोप, रबरका गोली र अन्ततः गोली समेत चलायो। पहिलो दिनमै कम्तीमा १९ जना मारिए र ३४७ भन्दा बढी घाइते भए। सम्भवतः त्यतिबेला सरकारले प्रदर्शनकारीहरूलाई संसद् भवनभित्र प्रवेश गर्न दिएको भए संसद् भवनमा आगजनी मात्रै हुने थियो र बाँकी देशव्यापी विनाश रोकिन सक्थ्यो कि ?

तर, त्यसको सट्टा रक्तपातले आन्दोलनलाई अझै विस्फोटक बनायो। सामाजिक सञ्जालमा आएका भिडियो र तस्बिरहरूमा देखिन्छ — धेरै युवाको टाउको र छातीमा गोली लागेको छ। विशेषज्ञहरूले प्रयोग भएका हतियारलाई हल्का ७.६२x५१ मिमी स्वचालित राइफल भएको पुष्टि गरेका छन्। सायंकालतिर सरकारले अन्ततः सामाजिक सञ्जाल प्रतिबन्ध हटायो तर त्यो निर्णय ढिलो भइसकेको थियो। आन्दोलनकारी युवाको क्रोध अब नियन्त्रण बाहिर गइसकेको थियो। सेप्टेम्बर ९ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले हिंसा अन्त्यको अपिल गरे तर भ्रष्टाचारसम्बन्धी आरोपबारे मौन रहे। त्यसपछि उनले राजीनामा दिएर सुरक्षाका कारण शिवपुरीस्थित सेनाको ब्यारेकमा शरण लिए। तर ओलीको राजीनामाले आन्दोलन शान्त पार्नुसट्टा युवालाई अझ उत्साहित बनायो र त्यसले देशव्यापी आक्रोशको रूप लिँदै गयो। प्रदर्शनकारीहरूले सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन ( शीतल निवास), प्रधानमन्त्री निवास (बालुवाटार) र संघीय संसद् भवनमा आगजनी गरे। साथै, नेकपा (एमाले) र नेपाली कांग्रेसलगायत राजनीतिक दलका केन्द्रीय कार्यालयहरूमा तोडफोड भयो र पार्टीका झन्डा जलाइए।

हिंसाबाट निजी क्षेत्र पनि अछुतो रहेन। काठमाडौँको नयाँ खुलेको हिल्टन होटलमा समेत आगजनी गरियो। त्यसक्रममा सयौं पर्यटक फसे र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सेनाको नियन्त्रणमा पुग्यो। नागरिक सरकार ढलेपछि देशमा नेपाली सेनामात्र स्थिर संस्थाको रूपमा देखा पऱ्यो। सेनाले १० सेप्टेम्बरमा देशभर कर्फ्यू लगायो जसले अन्ततः अशान्ति नियन्त्रणमा ल्यायो। सेप्टेम्बरमा १२ पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्री नियुक्त गरियो। नेपालमा पहिलोपटक कुनै महिला यस पदमा पुगेकी थिइन्। कार्कीको चयन पनि अभूतपूर्व थियो — हजारौँ प्रदर्शनकारीले डिस्कोर्ड (म्ष्कअयचम) नामक अनलाइन प्लेटफर्ममार्फत भर्चुअल मतदान गरेर उनलाई रोजेका थिए। सेप्टेम्बर १३ सम्म आइपुग्दा प्रदर्शनहरू क्रमशः शान्त भए तर त्यतिबेला सम्म ७५ जनाको मृत्यु भइसकेको र २ हजार ११३ जना घाइते भएको सरकारी तथ्याङ्क सार्वजनिक भयो। सुरुमा भ्रष्टाचार र सामाजिक सञ्जालमा प्रतिबन्धविरुद्ध स्वःस्फूर्तरूपमा सुरु भएको यो आन्दोलन पछि गएर देशको शासन प्रणाली परिवर्तनको मागतर्फ मोडियो। आरम्भिक चरणमा कुनै निश्चित नेतृत्व नभएको देखिए पनि आन्दोलन क्रमशः केही ठोस राजनीतिक एजेन्डाहरूमा केन्द्रित हुँदै गयो जसले नेपाली राजनीतिक व्यवस्थाको मूलभूत संरचनामै प्रश्न उठायो।

प्रदर्शनकारीहरूको पहिलो र प्रमुख माग प्रत्यक्षरूपमा जनताबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हो। हालको संसदीय प्रणालीमा कार्यकारी प्रमुख संसद्बाटै चुन्ने परिपाटीले गठबन्धन राजनीतिलाई स्थायी बनाएको भन्दै युवाले यस प्रणालीलाई अस्थिरता र अकुशल शासनको मूलकारण मानेका छन्। सन् २००८ देखि २०२५ सम्मको १७ वर्षको अवधिमा ८ जना प्रधानमन्त्रीको नेतृत्वमा १४ वटा सरकार बनेका थिए। यही प्रणालीले प्रभावकारी शासनभन्दा पनि राजनीतिक अस्तित्वका लागि पदमा निर्भर वर्ग सिर्जना गरेको भन्दै प्रदर्शनकारीहरूले प्रणालीगत परिवर्तनको माग गरेका हुन्।

आन्दोलनमा सहभागी युवाको एक समूहले संवैधानिक राजतन्त्रको पुनर्स्थापनाको पनि माग गरेको छ – प्रधानमन्त्रीको शक्तिमा नियन्त्रण र राष्ट्रिय एकताको प्रतीकका रूपमा। राजा समर्थकहरूका अनुसार, राजनीतिबाहिरको तटस्थ राष्ट्रप्रमुख देशको स्थायित्वका लागि सहायक हुनसक्छ र कार्यकारी शक्तिको दुरुपयोग हुनुबाट देशलाई जोगाउँछ। आन्दोलनको केन्द्रमा रहेको अर्को प्रमुख विषय हो — व्यवस्थागत भ्रष्टाचारको अन्त्य। प्रदर्शनकारीहरूले विगतका ठूला घोटालाहरू — जस्तै बढाइएको मूल्यमा दुईवटा वाइडबडी विमान खरिद गरिएको नेपाल एयरलाइन्सको ए ३३० विमान खरिद प्रकरणको स्वतन्त्र र पारदर्शी छानबिन गर्न माग गरेका छन्। त्यससँगै पूर्वप्रधानमन्त्री र मन्त्रीहरूका सम्पत्ति विवरण सार्वजनिक गर्ने व्यवस्था र स्वतन्त्र तथा अधिकारसहितको भ्रष्टाचार नियन्त्रण संयन्त्र स्थापना गर्न युवाले जोड दिएका छन्। उनीहरूका अनुसार, "राजनीतिक जवाफदेही बिनाको लोकतन्त्र स्वरूपको मात्र लोकतन्त्र हुन्छ सारको होइन।"

जेन–जी आन्दोलनले राजनीतिक परिवर्तनको मागमात्र गरेन यसले देशलाई आर्थिक र मानवीय दृष्टिले पनि ठूलो मूल्य चुकाउन बाध्य बनायो। पाँचै दिनको अशान्तिले नेपालको कमजोर अर्थतन्त्रमा गहिरो चोट पुऱ्याएको छ। यसको प्रभाव अझै देशभरि महसुस भइरहेको छ। सबैभन्दा बढी क्षति पर्यटन र होटल व्यवसाय क्षेत्रले बेहोर्नुपऱ्यो। देशभरका करिब दुई दर्जन होटलहरूमा तोडफोड, लुटपाट र आगजनी हुँदा मात्र पनि यस क्षेत्रले रु. २५ अर्बभन्दा बढी नोक्सानी बेहोरेको अनुमान गरिएको छ। विशेषगरी काठमाडौँको हिल्टन होटलमा मात्रै करिब रु. ८ अर्ब बराबरको क्षति भएको रिपोर्ट छ। धेरै होटलहरू पुनर्निर्माण नगरी सञ्चालनमा फर्कन नसक्ने अवस्थामा पुगेका छन्। अशान्तिका कारण एकै रातमा झन्डै १० हजार कामदार बेरोजगार बने। देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को करिब ७ प्रतिशत ओगट्ने र विदेशी मुद्राको प्रमुख स्रोत रहेको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित रह्यो। दरबार स्क्वायर, पोखरा, लुम्बिनी आदि देशभरका ऐतिहासिक र धार्मिक पर्यटकीय स्थलहरू सुस्त बने। काठमाडौँका सडकहरूमा जलेका सवारी साधन र ध्वस्त भवनहरू भयावह दृश्यका रूपमा बाँकी रहे।

मृतकका कतिपय युवा देशभित्र रोजगारीको अवसर नपाएर विदेश जाने तयारी गरिरहेका थिए। उनीहरूमध्ये पश्चिम नेपालका २८ वर्षीय बिजुली प्राविधिक दिपेन्द्र बस्नेतको नाम विशेष रूपमा चर्चामा आयो। संसद् भवन नजिक प्रदर्शनका क्रममा टाउकोमा गोली लागेर उनको मृत्यु भयो। बस्नेत लक्जेम्बर्गमा काम गर्न जाने तयारीमा थिए आफ्नी पत्नी र चार वर्षकी छोरीको भरणपोषणका लागि। उनको कथा हजारौँ युवाको साझा पीडा हो। रोजगारी, न्याय र समान अवसरका लागि गरिएको संघर्षको प्रतीक।

नेपालमा भएको यो ठूलो राजनीतिक उथलपुथल दक्षिण एसियामा तीन वर्षभित्र युवाद्वारा प्रेरित तेस्रो शासन पतनका रूपमा

–बाँकी तीन पेजमा

*नेपालको जेन–जी ...*

इतिहासमा दरियो। यसअघि सन् २०२२ मा श्रीलङ्कामा र सन् २०२४ मा बंगलादेशमा युवा आन्दोलनबाट सरकार ढलेका थिए। तीनै देशहरूमा समान कारणहरू देखिन्छन् — व्यवस्थागत भ्रष्टाचार, आर्थिक दुर्व्यवस्था र पुस्तागत असन्तुष्टि। तर, फरक पक्ष भनेको नेपालमा यो आन्दोलन डिजिटल सञ्चार माध्यमबाट असाधारण गतिमा फैलिनु हो। सामाजिक सञ्जाल र अनलाइन नेटवर्क सशक्त संगठन र जनसम्पर्कको माध्यम बनेका थिए जसले परम्परागत राजनीतिक दलहरूको पहुँचभन्दा धेरै परका युवालाई एकजुट गर्‍यो। संयुक्त राष्ट्रसंघको मानवअधिकार कार्यालयले प्रदर्शनका क्रममा भएका मृत्युहरूलाई “गम्भीर चिन्ताको विषय” बताउँदै तत्काल र पारदर्शी छानबिनको माग गर्‍यो। संयुक्त राष्ट्रसंघले प्राप्त गरेको विवरणमा “सुरक्षाकर्मीहरूले अनावश्यक र असंगत रूपमा बल प्रयोग गरेको” भनिएको छ। एम्नेस्टी इन्टरनेसनलले समेत विज्ञप्ति जारी गर्दै भन्यो — “जुन प्रदर्शनकारीहरूबाट तत्काल मृत्यु वा गम्भीर चोटपटकको खतरा छैन तिनीहरूविरुद्ध घातक बल प्रयोग गर्नु अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन हो।” नेपालमा मानवअधिकार उल्लंघन र अभिव्यक्तिको स्वतन्त्रतामाथि अंकुशबारे अन्तर्राष्ट्रिय समुदायको चिन्ता तीव्र बन्यो।

यस आन्दोलनले नेपालको भारत र चीनबीचको संवेदनशील भूराजनीतिक स्थिति पनि उजागर गर्‍यो। नेपालले चीनको इन्टरनेट नियन्त्रण मोडेल अनुकरण गर्न खोज्दा तर त्यसका लागि आवश्यक प्रशासनिक संरचना र डिजिटल पूर्वाधार नभएका कारण उल्टो पर्‍यो। सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले एक साताभित्रै सरकार ढाल्ने परिणाम ल्यायो जसले अन्य नाजुक लोकतन्त्रहरूलाई पनि स्पष्ट चेतावनी दिएको छ। नेपालमा भएको यस घटनाले देखाएो कि लोकतान्त्रिक समाजमा डिजिटल स्वतन्त्रता दमन गर्नुले राज्यको वैधता कमजोर पार्ने काम गर्छ। यसले एसियाभरका देशहरूलाई पनि स्मरण गरायो — नागरिक आवाज थुन्ने नीतिले स्थायित्व होइन, अस्थिरता जन्माउँछ।

प्रधानमन्त्री केपी शर्मा ओलीको पतनपछि देशमा अन्तरिम स्थायित्व ल्याउने उद्देश्यले पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्री नियुक्त गरियो। उनको नेतृत्वले तत्कालीन राजनीतिक रिक्तता पूर्ति गरेको भए पनि नयाँ सरकारको अगाडि जटिल र गम्भीर चुनौतीहरू छन्। इमानदार र भ्रष्टाचारविरुद्ध दृढ व्यक्तित्वका रूपमा चिनिएकी कार्कीले आफू छ महिनाभन्दा बढी पदमा नबस्ने र सन् २०२६मा संसदीय निर्वाचन गराउने घोषणा गरेकी छन्। उनको सरकारद्वारा हालसम्म अशान्तिमा मारिएका परिवारलाई एक–एक लाख रुपैयाँ क्षतिपूर्ति र घाइतेहरूलाई निःशुल्क उपचारको घोषणा गरिएको छ।

अन्तरिम सरकारले अहिले दुईवटा मोर्चामा संघर्ष गर्नुपर्ने देखिन्छ —एकातिर भौतिक पुनर्निर्माण, अर्कोतिर जनविश्वास पुनःस्थापना। संसद् भवन, सर्वोच्च अदालत, मन्त्रालयका भवनहरूलगायत देशभर ध्वस्त भएका सरकारी कार्यालयहरू पुनर्निर्माण गर्नु ठूलो चुनौती बनेको छ। तर त्यसभन्दा पनि कठिन काम भनेको जनताको विश्वास फर्काउनु हो। आन्दोलनले उजागर गरेको समस्या संघीय शासन संरचनाकै अक्षमता हो। सात प्रदेशीय प्रणालीले संघीय बजेटको १५–२० प्रतिशत हिस्सा खर्च गरे पनि त्यसअनुसारको परिणाम देखाउन नसकेकोमा आलोचना भइरहेछ। त्यसैले अबको कार्यसूची पुनर्निर्माणको मात्र नभई प्रणाली सुधार र प्रशासनिक पुनर्संरचनाको पनि हो।

जेन–जी आन्दोलनले देखाएको ऊर्जा अब शासन सुधारमा रूपान्तरण गर्न सकिए मात्र यसको अर्थपूर्ण परिणाम निस्कनेछ। एकजना युवा प्रदर्शनकारीको भनाइमा — “हामीले रगत बगाए पनि सबै कुरा फेरि पुरानै तरिकामा फर्कियो भने के यो सबै व्यर्थ हुने हो?” यो भनाइले यस पुस्ताको बेचैनी र आशंका दुवै प्रतिविम्बित गर्छ। युवाको त्याग र बलिदानको अर्थपूर्ण परिणति व्यवस्थागत रूपान्तरणमा नदेखिएसम्म यो आन्दोलन अधुरो मानिनेछ।

सन् २०२५ को जेन–जी आन्दोलन क्षणिक अशान्तिमात्र थिएन एउटा पुस्ताको गहिरो असन्तुष्टि र व्यवस्थागत परिवर्तनको घोषणा थियो। यसले नेपालमा लामो समयदेखि जरा गाडेको भ्रष्टाचार, अवसरहीनता र राजनीतिक गतिरोधमाथि पुस्तागत चुनौती प्रस्तुत गर्‍यो। डिजिटल रूपमा सचेत, संगठनमा निपुण र परिवर्तनमा आस्थावान युवाको शक्ति पहिलोपटक राष्ट्रिय राजनीतिक आधारभूत संरचना हल्लाउने तहमा पुगेको देखियो। यस आन्दोलनले देखाएको सन्देश स्पष्ट छ — राजनीतिक वैधता गुमेपछि शासन लामो समय टिक्दैन। पचहत्तरभन्दा बढी ज्यान गुम्यो। भौतिक संरचनामात्र होइन, शासन र संस्थागत मानसिकता पनि फेरिनुपर्नेछ। युवाको उर्जा र उत्साहलाई अब संरचनात्मक राजनीतिक भागीदारीमा रूपान्तरण गर्न सकिएमात्र यो आन्दोलनले स्थायी उपलब्धि दिलाउनेछ। तर शासन फेरि पुरानै ढाँचामा फर्कियो भने इतिहासले यस बलिदानलाई “हराएको अवसर”का रूपमा सम्झनेछ। हिमालयको बीचमा, भारत र चीनजस्ता दुई ठूला शक्तिहरूको बीचमा रहेको नेपाल अहिले विश्वको ध्यानको केन्द्रमा छ। नेपालले अपनाउने राजनीतिक मार्गले आफ्नै भविष्य होइन दक्षिण एसियाका अन्य नवलोकतान्त्रिक मुलुकहरूका लागि पनि सन्देश दिनेछ। भ्रष्टाचार, युवा बेरोजगारी र डिजिटल स्वतन्त्रताजस्ता चुनौतीसँग जुधिरहेका धेरै देशका लागि नेपालको अनुभव चेतावनी र प्रेरणा दुवै बन्न सक्छ। नेपालका युवाहरूको बलिदानले एउटा स्पष्ट सन्देश दिएको छ – “हाम्रो रगत सम्झनाको लागि होइन, रूपान्तरणको लागि बगाइएको हो।” अब जिम्मेवारी राज्य, नेतृत्व र सम्पूर्ण समाजको हो — यी युवाको बलिदानलाई भाषण वा श्रद्धाञ्जलिमा सीमित नराखी, व्यवस्थागत सुधार र उत्तरदायित्वमा परिणत गर्नेतिर लाग्ने। बाह्रखरीबाट

# मधेश प्रदेश सभा बैठक २८ गते बस्ने

काठमाडौं, २५ असोज। मधेश प्रदेशका प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले असोज २८ गतेका लागि प्रदेश सभाको बैठक बोलाएका छन्। असोज २८ गते एक १ बजे प्रदेश सभाको बैठक बस्ने मधेस प्रदेश सभाको सचिवालयले जनाएको छ। अल्पमतमा परेका मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले असोज २८ गते विश्वासको मत लिँदै छन्। मुख्यमन्त्री सिंहले राजीनामा नदिए पनि नेपाली कांग्रेस, नेकपा एमाले र जनमत पार्टी अर्को सरकारका लागि ५८ जना प्रदेश सभा सदस्यको नाम




प्रदेश प्रमुखलाई बुझाई सकेका छन्। प्रदेश सरकार गठन गर्नका लागि ५४ जना सांसद चाहिन्छन्।

सतिश सिंह जनमत पार्टीबाट नै मुख्यमन्त्री बनेका थिए। जेनजी आन्दोलनपछि जनमत पार्टीले उनलाई राजीनामा दिन निर्देशन दिएको थियो। सो निर्देशनअनुसार फेसबुकबाट उनले राजीनामा घोषणा गरेका थिए। तर पछि उनले फेसबुकको राजीनामा मान्य नहुने भन्दै मुख्यमन्त्रीमा कायम रहेको बताएका थिए। त्यसपछि पनि जनमत पार्टीले मुख्यमन्त्रीलाई फिर्ता बोलाएको निवेदन प्रदेश प्रमुखको कार्यालयमा दर्ता गराएको थियो। अहिले कांग्रेस र एमालेसँग मिलेर आफ्नै सरकारविरुद्ध अर्को सरकार बनाउन लागिपरेको छ।

# हमासले बन्धक बनाएका सबैको रिहाइको अन्तिम तयारी, विपीन जोशीको अवस्था भने अज्ञात



काठमाडौं, २५ असोज। प्यालेस्टिनी विद्रोही समूह हमासले दुई वर्ष अघि इजरायलबाट अपहरण गरेर बन्धक बनाएका मध्ये बाँकी सबै बन्धक रिहाइको अन्तिम तयारी भइरहँदा नेपालका विपीन जोशीको अवस्था भने अज्ञात रहेको छ। हमास स्रोतलाई उद्धृत गर्दै बीबीसी, सीएनएन लगायतका अन्तराष्ट्रिय सञ्चारमाध्यमले सार्वजनिक गरेको विवरण अनुसार अपहरणमा परेका मध्ये विपीन जोशीसहित दुई जनाको अवस्था अज्ञात रहेको हो। बीबीसीका अनुसार हमासले इजरायलमा आक्रमण गर्दा अपहरणमा परेका मध्ये ४८ जना बन्धक रिहाइ हुन बाँकी छ। उनीहरु मध्ये २० जना जिवित रहेका छन्। २६ जनाको ज्यान गइसकेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जिवित बन्धक र मृतकको अवशेष सोमवारसम्ममा हमासले इजरायलको जिम्मा लगाउने बताउनुभएको छ। अमेरिका, इजिप्ट र कतारका मध्यस्थतामा इजिप्टको शर्म एल–शेखमा भएको वार्तामा गाजामा युद्धविराम गर्ने सहमति भएको हो। इजरायल र हमासबीचको युद्धविराम सम्झौता शुक्रवार बिहानदेखि लागू भएपछि इजरायली सेनाले गाजाका केही भागबाट आफ्ना सेना फिर्ता गरेको बताएको छ। अहिले हजारौं प्यालेस्टिनीहरू गाजाको उत्तरतिर गइरहेका बीबीसीले जनाएको छ। यस्तै संयुक्त राष्ट्रसंघले युद्धविरामपछि गाजाका सबै बासिन्दाका लागि तीन महिनालाई पुग्ने खाद्यान्न गाजामा पुऱ्याएको जनाएको छ।एजेन्सी

# संघीयतामाथि नै प्रहार भएको भन्दै मुख्यमन्त्री सिंहको आपत्ति

धनुषा, २५ असोज। मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशमा नयाँ सरकार गठनको दाबी गरिएकोप्रति गम्भीर आपत्ति जनाएका छन्। उनले आफूलाई ३० दिनभित्र विश्वासको मत लिने संवैधानिक अधिकार रहेको बताउँदै, प्रदेश प्रमुखले नयाँ सरकारका लागि आह्वान गरेको भन्ने हल्ला पूर्णतः गलत र भ्रामक भएको स्पष्ट पारेका हुन्। मुख्यमन्त्री सिंहले शनिबार रातोपाटीसँग कुरा गर्दै भने, ‘संघीयतामाथि नै प्रहार हुने गरी मेरो पार्टीसहितका तीन दलले कार्य गरेका छन्। हतार–हतारमा



गरिएको यस्तो कदमलाई राजनीति भनिँदैन।’

गणतन्त्र स्थापनाका लागि आफू स्वयंले आन्दोलन गरेको बताउँदै उनले संघीयता खारेज गर्ने कुरा सपनामा पनि नआउने स्पष्ट पारे। उनले अहिले भइरहेका गतिविधि ‘आफ्नो गल्ती छोप्न रचिएको षड्यन्त्र’ भएको आरोप लगाए। मुख्यमन्त्री सिंहले थपे, ‘मैले राजीनामा दिएपछि मात्र प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्न सक्नुहुन्छ। त्यसपछि मात्र नयाँ सरकारले बहुमत सिद्ध गर्नुपर्ने हुन्छ। तर अहिले भइरहेको काम प्रक्रियागत रूपमा गलत छ।’ संविधान अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने भए पनि उनले असोज २८ गते नै प्रदेशसभामा विश्वासको मत लिने तयारी गरेको बताएका छन्। उनले ‘जनधारले जे भन्छ, म त्यही अनुसार अघि बढ्नेछु’ भन्दै दृढता व्यक्त गरे। असोज २८ गते बस्ने बैठकमा दलहरूले गरेको प्रपञ्चको सारा कच्चा चिट्ठा खोल्ने घोषणा गर्दै उनले अहिले आफू थप टिप्पणी नगर्ने बताए।

# बालिकासम्बन्धी कानुन कार्यान्वयन चुनौतीपूर्ण

रवीन्द्र उप्रेती

बर्दीबास, २५ असोज। मधेश प्रदेशमा बालिकासम्बन्धी ऐन तथा कानुनी संरचनाहरू कार्यान्वयनको चरणमा कमजोर देखिएको भन्दै सरोकारवालाले चासो व्यक्त गरेका छन्। अक्टोबर ११ अर्थात 'अन्तर्राष्ट्रिय बालिका दिवस' को अवसर पारेर सेभ द चिल्ड्रेन बर्दीबासले शनिवार आयोजना गरेको कार्यक्रममा मधेशका बालिकाको स्वास्थ्य, शिक्षा, सुरक्षा, सशक्तिकरण र नेतृत्व विकासका सम्वन्धमा विविध प्रश्न उठाइएको छ। बालिका संरक्षण तथा सशक्तिकरण ऐन २०८१ सँगै बालबालिकासम्बन्धी ऐन ऐन २०७५ तथा मधेश प्रदेशको बालअधिकार ऐन, २०७७ र सम्बन्धित कानुनी संरचनाहरू अस्तित्वमा रहे पनि कार्यान्वयन पक्ष भने निरासाजनक रहेको औंल्याइएको छ।

संघीय कानुनअनुसार बालबालिकाको अधिकार सुनिश्चित गर्ने दायित्व प्रदेश र स्थानीय सरकारको भए पनि बालिकाको अधिकार संरक्षण थप चुनौतीपूर्ण रहेको सरोकारवालाको आरोप छ। सेभ द चिल्ड्रेन बर्दीबासकी निमित्त प्रमुख रचना थापाले बालिकाहरुको शिक्षा र स्वास्थ्यमा पहुँच, बालश्रम अन्त्य, लैङ्गिक विभेद न्यूनीकरण र हिंसा निवारणजस्ता विषयमा बनेका कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनमा चुनौती रहेको बताउनुभयो। उहाँका अनुसार नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि मधेश प्रदेशमा अझै पनि बालश्रम, बालविवाह र विद्यालय छोड्ने दर उच्च छ।



सप्तरीका बाल अधिकारकर्मी सलमा खातुनले मधेशका बालिका (छोरी) ले सामना गर्नुपरेका चुनौती र मुद्दाहरुलाई उद्दृत गर्दै बालबालिकासम्बन्धी कानुनी प्रावधान जनस्तरसम्म पुग्न नसक्दा बालिकाहरु सधैं पछाडि पारिएको अनुभव सुनाउनुभयो। मधेश प्रदेशसभाकी महिला, बालबालिका तथा सामाजिक न्याय समिति सदस्य रुपा यादवका अनुसार बालिका संरक्षण तथा सशक्तिकरण ऐन २०८१ बने पनि कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहेकाले बालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्न कठिन भएको हो।

सेभ द चिल्ड्रेन बर्दीबासका सञ्चार संयोजक झमकेश्वर ओझाले बाल अधिकारका लागि मधेश प्रदेशमा संसदीय मञ्च गठन भए पनि राज्यको लगानी कमजोर हुँदा लैंगिक विभेदको चक्र तोडन नसकिएको धारणा राख्नुभयो। बाल कल्याण अधिकारी यशोदा कार्कीले कानुन बलियो भए पनि जनशक्ति, बजेट र समन्वयको अभावले बालिकालाई हरेक क्षेत्रमा पछाडि पारिएको बताउनुभयो।

कार्यक्रममा मधेश प्रदेशका बाल अधिकार क्षेत्रमा सक्रिय संघ संस्था, बाल क्लब, अधिकारवादी र राष्ट्रिय बाल अधिकार परिषद्का प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# हैजा संक्रमण फैलिएको डेढ महिनापछि पर्सा र बारामा खोप अभियान

पर्सा, २५ असोज। हैजा संक्रमण देखिएको डेढ महिनापछि वीरगन्ज महानगरपालिकासहित पर्साका १४ वटै स्थानीय तहमा हैजाविरुद्धको खोप कार्यक्रम संचालन गरिने भएको छ। जिल्ला स्वास्थ्य कार्यालय पर्साले शनिबार वीरगन्जमा आयोजना गरेको हैजा रोगको महामारीविरुद्ध प्रतिकार्य खोप अभियान संचालनबारे जिल्लास्तरीय सरोकारवालाको अभिमुखीकरण कार्यक्रममा आइतबारदेखि सुरु हुने खोप अभियान कार्यक्रमबारे जानकारी दिइएको हो।

विश्व स्वास्थ्य संगठन नेपालका चिकित्सक डा. पवन उपाध्यायले विश्व स्वास्थ्य संगठनले जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा यो अभियान संचालन गर्न लागेको बताए। आइतबारदेखि कात्तिक २ सम्म पर्सामा १४ वटै स्थानीय तहमा एकैसाथ यो कार्यक्रम संचालन गरिँदैछ। साथै पर्सासँग जोडिएको बाराका कलैया र जीतपुर सिमरा उपमहानगरपालिका, परवानीपुर, प्रसौनी, फेटा र बिश्रामपुर गाउँपालिका गरी आधा दर्जन स्थानीय तहमा पनि यो कार्यक्रम संचालन गर्न लागिएको उपाध्यायले बताए।

उनले १ वर्षदेखि माथि उमेरका सबैले यो खोप लिन सक्ने बताए। मुखबाट सेवन गरेर लिन सकिने यो खोप १ वर्षसम्म ८० प्रतिशतसम्म प्रभावकारी हुने उनले दाबी गरे। जिल्ला स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरले आइतबार जिल्ला प्रशासन कार्यालयमा औपचारिक रुपमा प्रमुख जिल्ला अधिकारीसहित उच्च पदस्थ सरकारी अधिकारीहरुसमेत गरी करिब २ सय ५० जनाले यो खोप लिएर कार्यक्रम उद्घाटन गर्ने बताए। खोप कार्यक्रमका लागि यसअघिका अन्य खोप कार्यक्रम संचालन गर्दा खटिने जनशक्तिहरु नै खटिने छन्। पर्सा जिल्लामा ६ लाख ५२ हजार १ सय २९ जनालाई यो खोप दिने लक्ष्य रहेको उनले बताए।

तोकिएका केन्द्रहरु र घरभेट कार्यक्रमबाट पनि यो खोप लिन सकिने बताउँदै ठाकुरले यो खोप सुरक्षित रहेको पनि दाबी गरे। भारतबाट नेपाल प्रवेश गर्नेहरुलाई, अदालत आदि सरकारी कार्यालयमा आउने सेवा ग्राही, बसपार्कमा भेटिने यात्रुहरुलाई पनि यो खोप दिने लक्ष्य रहेको उनले बताए। ठाकुरले भदौ ५ देखि वीरगन्जमा हैजा संक्रमण देखिएकोमा वीरगन्जका विभिन्न अस्पतालमा गरी १ हजार ५ सय ६७ जना झाडापखाला र हैजाका बिरामी उपचारार्थ आएकोमा ती मध्ये २ सय २७ जनामा हैजा संक्रमण पुष्टि भएको उनले बताए। यसबाहेक पोखरिया नगरपालिकामा पनि १८ जनामा हैजा संक्रमण पुष्टि भएको उनले बताए।

हालसम्म गरिएका परीक्षणहरुबाट वीरगन्जका विभिन्न स्थानबाट संकलन गरिएका पानीमा हैजाको जीवाणु फेला नपरेको उनले बताए।

# शिक्षक नियुक्तिमा घुस लिएको आरोपमा प्रधानाध्यापक पक्राउ

रौतहट, २५ असोज। रौतहटको एक विद्यालयका प्रधानाध्यापकले शिक्षक नियुक्तिमा घुस लिएको आरोपमा पक्राउ परेका छन्। रौतहटको धरहरीको जय किसान माध्यमिक विद्यालयका प्रधानाध्यापक संजय प्रसादलाई चार लाख ५० हजार घुसरकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले वीरगञ्ज नगरपालिका १३ को अदालत रोडमा रहेको एक होटलबाट नियन्त्रणमा लिएको हो।

शिक्षक नियुक्तिका लागि खुलाएको विज्ञापनमा रितपूर्वक दर्खास्त दिए पनि प्रधानाध्यापक संजयले बिचौलियामार्फत् घुस लिएको आरोप छ। घुस मिलाउने बिचौलीया अरविन्द प्रकास साह कानुसमेत पक्राउ गरेका अख्तियाको प्रवक्ता राजेन्द्र कुमार पौडेलले प्रेस विज्ञप्तीमार्फत जानकारी दिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)